# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक ५ गते ०८ साल

## भाग ८

### विज्ञप्ति

यो सालको लिलाममा बिक्री नभएका १४, १५, १७ नं. (प्रत्येक लटमा १००० साल सेलेक्शन पेडहरू भिन्दाभिन्दै वा एकैमुष्टी) ३६ नं. (५००- बाँकी सेलेक्शन पेडहरू) ५० नं. (साबेग्रास ३ बर्षको लिज) ५१, ५३, ५४, ५५ नं. (कोशी, बागमती, नारायणी, गेरूवा र कर्णालीका दरीया बूढी लकडी) का लटहरुको निमित्त सिलबन्दी खाममा टेन्डरहरू लिन इच्छा हुनेले सेक्रटरीछेउ १६ अक्टुबर १९ ५१ अर्थात् २००८ साल कार्तिक २ गतेसम्ममा पठाउनुहोला ।

सेक्रेटरी—

वनमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# वनमन्त्रालयको
## विज्ञप्ति

१—रेन्जर्स कोर्स पढ्ने लडकाहरुको योग्यता एस्. एल्. सी. पास भएको हुनुपर्दछ भनी अघि गो. प. मा खबर छापिएकोमा हालको बन्दोबस्तले दशम श्रेणिसंम पढेकालाई पनि रेन्जर्स क्लासमा लिइने भएकोले २००८।७।२१।४ का दिनसम्म सकल सर्टिफिकेटसमेत साथमा लिई वनविभाग तालिमकेन्द्र सिंहदरबारमा आउनुहोला ।

२—वनविभाग तालिमकेन्द्रमा फरेस्टर कोर्स पढ्नलाई दरखास्तसम्म दिई नआएका लडकाहरूले अघि गो. प. मा दिएका नियमबमोजिम पढेकाहरूले सकल सर्टिफिकेट समेत लिई २००८।७।२१।४ का दिनसम्ममा वनविभाग तालिमकेन्द्र सिंहदरबारमा आउनुहोला ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।